परिवर्तनका लागि एक नयाँ आवाज

टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

• वर्ष १ • अंक ३३६ • २०७९ साल माघ २७ शुक्रबार • (10 February - 2023) • पृष्ठ ४ • मुल्य रु ३।- www.talknepaltv.com

बर्दिवासमा दोस्रो मेयर गोल्ड कप सुरु



सुनिता बराल, महोत्तरी ।

महोत्तरीको बर्दिवास रंगशालामा दोस्रो मेयर गोल्ड कप फुटबल प्रतियोगिता सुरु भएको छ । एन्फाबाट स्वीकृति लिएर बर्दिवासमा राष्ट्रिय स्तरको यो पहिलो खेल आयोजना गरिएको आयोजक नगर खेलकुद विकास समिति बर्दिवासका अध्यक्ष दीपेन्द्र कुमार शिवभक्तिले जानकारी दिए । बिहीबारबाट सुरु भएको प्रतियोगिता फागुन ४ गरेसम्म चल्ने आयोजक समितिले जनाएको छ । प्रतियोगितामा माघ २६ गते वाग्मती युवा क्लब सर्लाही र गते वीरगन्ज युनाइटेड पर्सा, २७ गते बर्दिवास युथ क्लब बर्दिवास र पेमा युवा क्लब विराटनगर, २८ गते क्यामरुन एफ सी काठमाडौं र झापा-११, २९ गते ब्वाइज युनियन क्लब काठमाडौं र धरान फुटबल क्लबबीच प्रतिस्पर्धा हुने शिवभक्तिले जानकारी दिए । १ र २ गते सेमिफाइनल र ४ गते फाइनल खेल हुने आयोजकले जनाएको छ । बिहीबार खेलको उद्घाटन गर्दै बर्दिवास नगरपालिकाका नगर प्रमुख प्रह्लादकुमार क्षेत्रीले बर्दिवासमा फुटबलमात्रै नभएर समग्र खेल र खेलाडीका लागि नगरले लगानी गर्ने बताए । विभिन्न प्रतियोगिता गराउँदै यस क्षेत्रका खेलाडीको क्षमता अभिवृद्धि गर्ने र राष्ट्रिय स्तरका प्रतियोगितामा सहभागी गराउने गरी काम अघि बढाउने क्षेत्रीले बताए ।



प्रहरी चौकी हत्याकाण्ड :

जिल्ला तानिए प्रहरी सहायक निरीक्षक



टक नेपाल, महोत्तरी ।

प्रहरी चौकीमा कुटिकुटी एक वृद्धको हत्या प्रकरणमा सहायक प्रहरी निरीक्षक जिल्ला तानिएका छन्। महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-५ पर्साको प्रहरी चौकी परिसरमै एक वृद्धलाई अर्को लागूपदार्थ दुर्व्यसन गरेका व्यक्तिले कुटीकुटी हत्या गरेको घटना लगत्तै प्रहरी सहायक निरीक्षक रामबाबु यादव जिल्ला तानिएका हुन्। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तोष पोखरेलका अनुसार स्थानीय ७० वर्षीय वृद्ध हरिदेव राउत शर्मालाई सोही गाउँ बस्ने ५० वर्षीय सुरेन्द्र राउतले कुटीकुटी हत्या गरेका घटनामा रामबाबु तानिएका हुन्। हिजो बेलुका साढे ४ बजे गाउँभन्दा ५०० मिटर दक्षिण पर्सा चौकमा धान, चामल लगायतका अन्नपात खरिद बिक्रीको काम गरिरहेका वृद्ध हरिदेवलाई लागूपदार्थ सेवन गरेका सुरेन्द्रको कुटपिटबाट घटनास्थलमै मृत्यु भएको थियो। प्रत्यक्षदर्शीहरूका अनुसार प्रहरी चौकी पर्साको प्रमुख रामबाबु यादबकै अगाडि वृद्धलाई कुटदा उनी मुख्दर्शक बनेका थिए। प्रहरी सहायक निरीक्षक यादवले कुटपिटबाट बचाउनुको साटो कुट्न उक्साएको स्थानीयको आरोप छ। घटनालाई लिएर प्रहरी चौकीमा स्थानीयहरूले घेराउका साथै नाराबाजी गरेपछि तत्काल सुरक्षा बढाई कार्यरत प्रहरी सहायक निरीक्षकलाई जिल्ला तानेर उनको स्थानमा रामचन्द्र यादवलाई कार्यभार दिएर पठाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

मुख्यमन्त्री राजेन्द्र रावल पदमुक्त



टक नेपाल, धनगढी ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री राजेन्द्र रावल पदमुक्त भएका छन् । उनले आफूलाई विश्वासको मत दिन प्रदेशसभामा गरेको प्रस्तावमाथि छलफल नै हुन सकेन । मुख्यमन्त्रीले राखेको छलफलको प्रस्ताव नै बहुमतले अस्वीकृत भएपछि मतदानसम्म पनि पुग्न सकेन । मुख्यमन्त्रीले लामो सम्बोधन गरेर आफूलाई विश्वासको मत दिन आग्रह गरेका थिए । तर निर्णायक मानिएको नागरिक उन्मुक्तिका सबै ७ सांसद प्रदेशसभा बैठकमा अनुपस्थित भएपछि मुख्यमन्त्रीले विश्वासको मत पाउन नसकेका हुन् । २७ पुसमा नाउपासमेतको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका रावलले संविधान अनुसार ३० दिनभित्र विश्वासको मत लिनुपर्ने थियो ।



वातावरणका मुद्दामा सहयोग गर्न सरकार प्रतिबद्ध छ : प्रधानमन्त्री दाहाल



टक नेपाल, काठमाडौँ।

वातावरण संरक्षण र दिगो विकासका सन्दर्भमा लामो समयदेखि वकालत गर्दै आएको नेपाल वातावरण पत्रकार समूह (नेवापस) ले समसामयिक वातावरणीय विषयमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को ध्यानाकर्षण गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेवापसको प्रतिनिधिमण्डलले बिहिबार भेट गरी प्रधानमन्त्रीसमक्ष एक ज्ञापनपत्र समेत बुझाएको छ । त्यस अवसरमा प्रधानमन्त्री दाहालले नेवापसले वातावरणका विषयमा लामो समयदेखि पैरवी गर्दै आएको बताउँदै नेवापसले अघि सारेका कार्यहरूमा सहयोग गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले नेवापसले समसामयिक वातावरणीय मुद्दाहरूलाई निकै मेहनतसाथ र मार्मिकरूपमा प्रस्तुत गरेकामा धन्यवादसमेत दिनुभयो । नेवापसको ज्ञापनपत्रमा जलवायु परिवर्तन नेपालका लागि मात्र नभएर विश्वकै लागि चिन्ता र चासोको विषय भएको जनाउँदै भौगोलिक बनोट र गरिबीले गर्दा नेपाल यस समस्याबाट प्रभावित मुलुकहरूको अग्रस्थानमा रहेको उल्लेख छ । ज्ञापनपत्रमा भनिएको छ, 'जलवायु परिवर्तनमा नेपालको खासै भूमिका नभए पनि नेपालमा यसबाट पर्ने असरहरू भने अरू सरह बेहोर्नुपर्ने छ। यो अवस्था नेपालजस्तो कमजोर आर्थिक तथा भौतिक पूर्वाधार एवं प्राकृतिक र हिमालयमा पर्ने प्रभाव हाम्रो लागि सङ्कटको विषय बन्नेछ । नेपालको शिरशोभाका रूपमा रहेका यी हिमपर्वतहरूमा हिउँ रहेन भने भविष्यमा नेपालले पर्यटनबाट प्राप्त गर्ने ठूलो आयस्रोत गुमाउनुपर्ने निश्चित छ। त्यसै गरी दक्षिण एसियाको वाटर टावर भनिने हिमालको हिउँ लोप हुनेमात्र होइन, विश्वको एक तिहाइ जनसङ्ख्या पिउने पानीबाट समेत वञ्चित हुने खतरा छ। हिमनदीहरू पग्लने र त्यसको प्रभाव हिमतालविष्फोटनहुनेहाम्रोअधिल्तिरको अर्को विपत्तिको सूचक हो, एवं त्यतिखेर हाम्रा थुप्रै नदीमा बनेका बाँध र नदी आसपासका बस्तीहरूको भविष्य अनिश्चित बन्ने खतरा छ भन्दै ज्ञापनपत्रमा यसले जलविद्युत्मा गरिने लगानीका सम्भावनाहरूमा ठूलो प्रश्न उठ्ने र कतै बाढी त कतै पानीको स्रोत सुक्दै गएको अवस्था छ भनिएको छ। ज्ञापनपत्रमा मनाङ, मुस्ताङ, सिन्धुपाल्चोक (मेलम्ची) लगायतका स्थानहरूमा देखिएका प्राकृतिक प्रकोपहरूले जलवायु परिवर्तनका उच्चतम् प्रभावहरूलाई पुष्टि गरेको तथा नेपालको प्राकृतिक प्रकोपको चक्रले बर्सेनि खाद्यसुरक्षा, जैविक विविधता, खानेपानी, कृषि, महामार ीलगायत मानिसको जीविकोपार्जनमा हरेक वर्ष नयाँनयाँ चुनौतीहरू थपिँदै गएका भन्दै यसबाट बर्सेनि मानवीय क्षति पनि भइरहेको छ र यसमा पनि बालबालिका तथा महिलाहरू अझ बढी प्रभावित छन् भनिएको छ । नेपालको सामुदायिक वनलाई विश्व समुदायमा नमुनाका रूपमा लिन थालिएकै बेला चुरे र तराई क्षेत्रमा भने वन विनाशको व्यथा घट्नुको सट्टा बढिरहेको, नेपालका वनमा रहेका स्रोतहरु कुहिने र ह्रास हुने क्रम बढिरहेको, विदेशबाट बर्सेनि अर्बौं रुपैयाँका काठ आयात भइरहेको तथा नेपालका प्राकृतिक स्रोतका रूपमा रहेका बहुमूल्य जडीबुटीहरूको संरक्षण र सदुपयोगसमेत हुन सकिरहेको छैन, ज्ञापनपत्रमा भनिएको छ । नेवापसले विगत ३७ वर्षदेखि वातावरण संरक्षण र दिगो विकासका बारेमा जनचेतना जगाउन सञ्चारका विभिन्न माध्यममार्फत सक्रिय भूमिका निर्वाह गर्दै आएको पनि त्यस अवसरमा अवगत गराइएको थियो । समूहले यो वर्ष सन् २०२३ नेपालमा संरक्षण क्षेत्रको ५०औँ वर्षगाँठको अवसरमा विविध कार्यक्रम गर्ने तथा वातावरण क्षेत्रमा कलम चलाउँदै आएका दक्षिणपूर्वी एसिया र अन्य केही मुलुकका पत्रकारहरूलाई नेपालमा भेला गराएर नेपालका जलवायुजन्य मुद्दाहरूमा केन्द्रित रहेर स्थानीय, राष्ट्रिय सञ्चारमाध्यमदेखि अन्तर्राष्ट्रिय सञ्चारमाध्यमबाट संसार भरि सूचना सम्प्रेषण गर्ने लक्ष्य लिएको पनि जानकारी गराएको थियो । वरिष्ठ पत्रकार भैरव रिसाल, समूहका अध्यक्ष रोशनी अधिकारी समेत समूहका पदाधिकारीको नेतृत्वमा गएको टोलीले त्यस अवसरमा प्रधानमन्त्री दाहालको प्रधानमन्त्रीत्वकाल सफल हुने भन्दै बधाई एवं शुभकामना दिएको थियो ।

नेकपा एस र जसपा पार्टी एकताको अन्तिम चरणमा, सकियो दस्ताबेज अध्ययनको काम




टक नेपाल, काठमाडौँ।

नेकपा एकीकृत समाजवादी पार्टी र जनता समाजवादी पार्टी नेपालले दस्ताबेज अध्ययन गर्ने काम सकेको छ। एकीकृत समाजवादी र जसपाबीच एकीकरणका लागि एक अर्काको दस्ताबेज अध्ययन गर्ने काम भइरहेको थियो । एकीकरण पूर्व एक अर्काको दस्ताबेज अध्ययन गरी पार्टी एकताको प्रक्रिया सुरु गर्ने सहमति भएको थियो । सोही सहमतिअनुसार दुवै दलले एक अर्काको दस्ताबेज अध्ययन गर्ने कार्य सकेको हो । त्यसको प्रतिवेदन बनाउने जिम्मेवारी एकीकृत समाजवादी पार्टीका उपमहासचिव डा.विजय पौडेललाई दिइएको छ । उनले प्रतिवेदन तयार गरेपछि कार्यदलको बैठक बस्ने बताइएको छ । जसपाको तर्फबाट गठन भएको वार्ता समितिका सदस्य गोविन्द चौधरीले दस्ताबेज अध्यक्ष गर्ने कार्य सकिएको बताए । दुवै दलबीच एकताका लागि एकीकृत समाजवादीले महासचिव वेदुराम भुसालको संयोजकत्वमा वार्ता समिति गठन गरेको छ भने जसपाले पनि वरिष्ठ नेता राजेन्द्र श्रेष्ठको संयोजकत्वमा वार्ता समिति गठन गरेको छ। दुवै समितिले तीनवटा बैठक बसेर एकताका लागि विभिन्न एजेण्डा तय गरेका छन् । सोहीएजेण्डाअन्तर्गतदस्ताबेजअध्ययन गर्ने जिम्मेवारी जसपाबाट गोविन्द चौधरी र एकीकृत समाजवादीबाट पौडेललाई दिएको थियो। नेता पौडेलले दस्ताबेजको अध्ययन गर्ने काम भइरहेको र चाँडै नै प्रतिवेदन बनाएर समितिमा पेस गर्ने बताए । दुवै पार्टीले अङ्गालेको विचार, सिद्धान्त, राजनीतिक मुद्दाको विषयमा अध्ययन भएको छ । राज्य पुनः संरचना, शक्तिको बाँडफाँट लगायतका विषयमा पनि अध्ययन भएको छ । शासन प्रणाली कस्तो राख्ने त्यस विषयमा पनि छलफल भएको बताइएको छ। जसपाले नागरिकताको समस्या, संविधान संशोधन लगायतका विषय पनि उठाएको छ । एकताको क्रममा उठ्ने जटिल विषय र समान्य विषयलाई लिस्टिङ गर्ने काम भइरहेको उपमहासचिव पौडेलले बताए । जटिल विषयलाई नेतृत्व तहबाट टुङ्ग्याउने काम हुन्छ भने समान्य विषयलाई वार्ता समितिबाट नै टुङ्ग्याउने उनले जानकारी दिए ।

अफर: फागुन महिनाभित्रै मोटरसाईकलको कर तिर्दा ५ बर्षसम्मको जरिवाना छुट

टक नेपाल, काठमाडौँ।



बागमति प्रदेशमा आगामी फागुन महिनाभित्र मोटरसाइकलको कर तथा नवीकरण शुल्क भुक्तानी गर्दा ५ वर्षसम्मको जरिवाना छुट हुने भएको छ। यातायात व्यवस्था कार्यालयले सार्वजनिक सूचना जारी गर्दै जरिवाना छुटको घोषणा गरेको हो । यातायात कार्यालयका अनुसार आर्थिक वर्ष २०७०/७१ देखि २०७५/७६ सम्म नवीकरण नभएका सवारी धनीले २०७९ फागुन मसान्तभित्र कर बुझाएमा सो अवधिको जरिवाना छुट गरिएको छ। कार्यालयले आफ्नो नामको सवारी साधनको समयमै नवीकरण गरी कर भुक्तानी गर्न पनि सबैलाई आग्रह गरेको छ । साथै ट्राफिक कार बाहीमा परी सवारीसाधन नियन्त्रणमा रहेकाहरुलाई पनि अविलम्ब कर भुक्तानी गरी जरिवाना छुटको लाभ लिन यातायात कार्यालयले आग्रह गरेको छ। 'सवारीसाधन कर नवीकरण शुल्क र दण्ड जरिवानाको रकमबाट कुनै पनि वहानामा उन्मुक्ति नमिल्ने भएकाले समयमा नै सवारीसाधनको कर तथा बक्यौता रकम भुक्तानी गर्नुहुन अनुरोध गरिन्छ,' कार्यालयले सूचनामा भनेको छ । तोकिएका सयमभित्र नतिरे कर भुक्तानी नगरेकाको लगत संकलन गरी कडाईका साथ जरिवाना समेत उठाइने कार्यालयले जनाएको छ ।

☎ आवश्यक टेलिफोन नम्बरहरु ☎

प्रहरी कन्ट्रोल	१००	IRDs समाज सहकारी अस्पताल	५५०४०१
जिल्ला प्रहरी कार्यालय जलेश्वर	५२०१५५	सिटि केयर हस्पीटल वर्दिवास	५५०५२७
ईलाका प्रहरी कार्यालय बर्दिबास	५५०००६	छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला ट्रा.प. कार्यालय	५५००५५	ढल्केवर (नो लाईट)	०४१-५६००६८
नेपाल पत्रकार महासंघ, महोत्तरी	५२०५१५	बर्दिवास दुरसञ्चार	५५०००
शुभ स्वस्तिक हस्पिटल	५५०२५५	नेपाल रेल्वे जनकपुरधाम	५२०२११
बर्दिबास अस्पताल	५५००५०	जनकपुर आँखा अस्पताल	५२०३५७
रेडक्रस एमबुलेन्स	५२०१००	प्रदेशिक अस्पताल जनकपुरधाम	५२००३३
वारुण यन्त्र (दमकल)	५२००५७	सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
नेपाल विद्युत वितरण केन्द्र, गौशाला	५५६०८५	एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाभिज)	०४१-६२०४५१, ५८०४८१५१२६
जलेश्वर अस्पताल	५२००७०		
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०५	एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
बर्दिवास आँखा अस्पताल	५५०४७७	एम्बुलेन्स (मारवाडी सेवा समिति)	५२२७६२, ५२१७८४
मेरी स्टोप्स सेन्टर	५५०१२६	एम्बुलेन्स (जानकी मेडिकल कलेज)	५२६०५०, ५२६०५१
एकिकृत सेवा केन्द्र बर्दिवास	५५०६६८	महाविर युवा कमिटी एम्बुलेन्स	२५५८०

आजको राशिफल

मेष	रोजगारीका विषयमा पदोन्नति हुने योग छ। सामाजिक कार्यमा अपरिपक्व बनिएला।	तुला	कला क्षेत्रबाट पुरस्कृत बनिएला। दाजुभाइमा मित्रता हुनेछ। वित्तीय लगानी शुभ बन्नेछ।
बृष	सकारात्मक कार्यमा प्रभाव बढ्नेछ। व्यापारिक घाटाले सताउला। शारीरिक आलश्यता उत्पन्न होला।	वृश्चिक	पुराना काम पुनः सुचारु होलान्। पारिवारिक जिम्मेवारी थपिनेछ। परीक्षाफल शुभ रहला।
मिथुन	मनोरञ्जनात्मक कार्यमा सरिक बनिएला। रोजगारीमा कडा परिश्रम गर्नुपर्ला। जातीय विभेद बढ्नेछ।	धनु	आर्थिक कारोबार सहज बन्नेछ। राजनीतिक खिचातानी बढ्नेछ। स्वास्थ्य समस्याले सताउला।
कर्कट	सामान्य झमेलाले सताउला। वैदेशिक यात्राको योग र हला। मान्यजनबाट सहयोग प्राप्त होला।	मकर	नोकरीमा स्थान परिवर्तन होला। मुद्दा मामिलामा फसिएला। मानसिक तनाव हटेर जानेछ।
सिंह	अरूको प्रलोभनमा नफस्नु उपयुक्त रहला। चोटपटकको योग रहला। साथीभाइमा किचलो हुने योग छ।	कुम्भ	नयाँ पात्रसँग मिलनको योग छ। मनमा प्रसन्नता छाउला। एक्लोपनले नैरास्यता निम्त्याउला।
कन्या	नयाँ व्यवसायप्रति चिन्तित बनिएला। सत्रु पक्ष हटेर जानेछन्। स्वास्थ्य स्थिति मध्यम रहला।	मीन	व्यापारिक पक्ष मध्यम रहला। सेवाभावमा समय व्यतित होला। शैक्षिक क्षेत्रबाट चिन्तित बनिएला।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

....सम्पादकीय

निराशाजनक प्रगति

सरकारले विकास निर्माणका ठुला संरचनालाई प्राथमिकता दिने भन्दै राष्ट्रिय गौरवका आयोजना घोषणा गरेको ११ वर्ष भइसक्दा पनि ती आयोजनाको निर्माणगति भने अत्यन्तै सुस्त छ। सरकारले गौरवका आयोजना घोषणा गरे पनि त्यसका लागि तयार गर्नुपर्ने विशेष कानुन बनाएको छैन। जसले गर्दा गौरवका र अन्य आयोजनाबीच खासै भिन्नता छैन। यस्ता आयोजनको निर्माण कार्यमा कुनै सक्रियता देखिएको छैन। जसरी अन्य आयोजनाहरूको निर्माण कार्यमा ढिलाइ भइरहेको छ, त्यसैगरी यी आयोजनाको गति पनि अत्यन्तै सुस्त छ। बरु, सरकारले एकपछि अर्को गरी यस्ता आयोजनाको सूची थप्दै गएको छ। यसले गौरवका आयोजनाहरूको सूची त लामो भएको छ तर काममा भने कुनै प्रगति हुन सकेको छैन। सरकारले पहिलोपटक २०६८/६९ मा १७ वटा आयोजनालाई मात्रै राष्ट्रिय गौरवको सूचीमा राखेको थियो भने २०७०/७१ मा थप चार वटा आयोजनालाई यो सूचीमा थपेको हो। त्यस्तै आव २०७५/७६ देखि २०७७/७८ को अवधिमा यो सूचीमा अन्य तीनवटा आयोजना थपिए। यस हिसाबले राष्ट्रिय गौरवका आयोजना २४ वटा भएका छन्। तर, त्यसमध्ये अहिलेसम्म तीनवटा आयोजनाको मात्रै निर्माण सम्पन्न भएको छ। निर्माण सम्पन्न भएका आयोजनामा माथिल्लो तामाकोसी जलविद्युत्, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल हुन्। मेलम्ची खानेपानी आयोजना पनि आंशिक रूपमा सम्पन्न भएको अवस्था छ। अन्य आयोजनाको प्रगति अवस्था भने अत्यन्तै कम छ। राष्ट्रिय गौरवका आयोजनाहरूमा भएको ढिलाइले एकातिर यसको भौतिक प्रगति अत्यन्तै कम छ भने अर्कातिर आयोजनाको लागत बढेर दोब्बरसम्म पुगेको छ। माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको सुरुवाती लागत ३५ अर्ब २९ करोड भएकोमा आयोजना सम्पन्न हुँदा ८६ अर्ब पुग्यो। त्यस्तै अहिले निर्माणाधीन सिक्टा सिँचाइ आयोजनाको सुरुवाती लागत १२ अर्ब ८० करोड भएकोमा संशोधित लागत २५ अर्ब २ करोड पुगेको छ। बबई सिँचाइ होस् कि रानीजमरा कुलरिया नै किन नहोस्, लागत दोब्बरभन्दा बढीले वृद्धि भएको छ। भेरी बबई डाइभर्सनदेखि पुष्पलाल मध्यपहाडी लोकमार्गको अवस्था पनि उस्तै छ। यी केही उदाहरण मात्रै हुन्। अधिकांश आयोजनाको हालत उस्तै छ। त्यसो त सुरुवाती चरणमा राष्ट्रिय गौरवका २४ वटा आयोजनाको अनुमानित लागत १० खर्ब ४५ अर्ब ९७ करोड प्रक्षेपण गरिएको मा तोकिएको समयभित्रै आयोजना निर्माण सम्पन्न नहुँदा अहिले अनुमानित लागत बढेर २५ खर्ब ९७ अर्ब ५६ करोड रूपैयाँ पुगेको छ। राष्ट्रिय योजना आयोगका अनुसार राष्ट्रिय गौरवका आयोजनामा चार खर्ब २९ अर्ब ६५ करोड रूपैयाँ लगानी भइसकेको छ। तर, ८० प्रतिशत वा सोभन्दा माथि समष्टिगत भौतिक प्रगति हासिल गर्ने आयोजना भने ६ वटा मात्र छन्। ५०-८० प्रतिशत समष्टिगत भौतिक प्रगति हासिल गर्ने आयोजना पाँचवटा छन्। ५० प्रतिशत वा सोभन्दा कम समष्टिगत वित्तीय प्रगति हासिल भएका आयोजना १२ वटा छन्। यसमध्ये २ वटा आयोजना पश्चिम सेती र निजगढ विमानस्थलको कुनै प्रगति नै भएको छैन। सरकारले गौरवका आयोजना घोषणा मात्रै गर्ने तर त्यसको कार्यान्वयनमा गम्भीर नबन्दा प्रगतिमा समस्या देखिएको हो। त्यसो त सरकारले बजेट छुट्ट्याउँदा पनि राष्ट्रिय गौरवका योजनालाई प्राथमिकता दिएको देखिँदैन। राष्ट्रिय गौरवका आयोजनाको बजेट घटबढ भइरहनुले पनि यसको पुष्टि गर्छ। आव २०७५/७६ मा २० वटा गौरवका आयोजनाका लागि ८३ अर्ब २५ करोड रूपैयाँ विनियोजन गरिएकोमा लगत्तैको आर्थिक वर्षमा २२ वटा आयोजनाका लागि ७६ अर्ब ७७ करोड रूपैयाँ मात्र विनियोजन गरियो। अझ अहिले आर्थिक वर्ष २०७८/७९ मा यी आयोजनाका लागि ७५ अर्ब ८ करोड रूपैयाँ मात्र विनियोजन गरिएको छ। यसरी एकातिर आयोजनाको संख्या बढाउँदै लैजाने, अर्कातिर यसका लागि छुट्ट्याइने बजेटको परिमाण घटाउँदै लैजानुले सरकार यसको कार्यान्वयनमा प्रतिबद्ध नभएको देखिन्छ ।



सेयर बजारमा १२ अंकले सुधार, १२ समूहको सूचकमा हरियाली

टक नेपाल, काठमाडौं।



सेयर कारोबारको अन्तिम दिन बिहीबार सेयर बजारमा दोहोरो अंकले सुधार आएको छ । नेप्से परिसूचक १२.४५ अंकले बढेर २१८२.६३ विन्दुमा अडिएको छ । नेप्से सामान्य अंकले बढेपनि कारोबार रकम भने बुधबारको तुलनामा घटेको छ । यसदिन २५७ कम्पनीको ५६ लाख ४८ हजार २१२ कित्ता सेयर २ अर्ब ६ करोड २० लाख ५८ हजार ७४९ रूपैयाँमा खरिदबिक्री भयो । अघिल्लो कारोबार दिन बुधबार ३ अर्ब ६९ करोड मूल्य बढिको सेयर खरिदबिक्री भएको थियो। शुक्रबार, एउटा मात्रै कम्पनीको सेयर मूल्य सकारात्मक सर्किट लेभलमा कारोबार भयो । बराही हाइड्रो पावर पब्लिकको सेयर मूल्य १० प्रतिशतले बढेको हो। कारोबार रकमका आधारमा अपी पावर कम्पनी शीर्षस्थानमा रह्यो। सो कम्पनीको ५ करोड बढिको सेयर कारोबार भयो। कारोबारमा आएका १३ उपसमूहमध्ये १२ को मूल्य बढ्यो भने १ को घट्यो। डेभलपमेन्ट बैंक र हाइड्रोपावरको सेयर १ प्रतिशत बढिले बढ्यो ।

विद्युतीय चार्जिङ स्टेसनको परीक्षण सञ्चालन

टक नेपाल, काठमाडौं।

बिपी राजमार्गको छेउमै बर्दिबास नगरपालिका-३ गौरीडाँडास्थित इलाका प्रहरी कार्यालय बर्दिबास परिसरमा विद्युतीय चार्जिङ स्टेसन सञ्चालनमा आएपछि विद्युतीय चार्जका सवारीसाधन (इभी) का चालक दङ्ग छन् । यो स्टेसन सञ्चालनमा आएपछि सवारीसाधन चार्ज गर्न निकै सहज भएको इभी सवारी चालकको भनाइ छ । पूर्वपश्चिम राजमार्गसँगको बर्दिबास-सिन्धुली-काठमाडौं, बर्दिबास-गाईघाट-चतरा, बर्दिबास-मन्थली-दोलखा र बर्दिबास-घुर्मी-ओखल ढुङ्गासँगै खोटाङ र सोलुखुम्बुसम्मको रुटको मुख्य सङ्गमस्थल (बर्दिबास)मै सञ्चालनमा आएको विद्युतीय चार्जिङ स्टेसनले अहिले निकै राहत दिएको हो । अहिले परीक्षणकै क्रममा रहेको चार्जिङ्ग स्टेसनमा सवारी साधनका लाम देखिन्छन्। चार्ज गर्न पाइएको सहजताले अब इभी साधन नै चलाउने मनस्थितिमा सवारी व्यवसायी देखिन थालेका छन् । यस भेगमा इभी (विद्युतीय चार्जका सवारी साधन) को 'क्रेज' बढ्दै छ । दिनहुँ यस्ता नयाँ साधन सडकमा थपिएका छन् । 'कता होला चार्जिङ स्टेसन भनेर सोधखोज गर्नुपर्ने र रुमलिने स्थिति अन्त्य भएछ', सानो कारका चालक प्रशान्त झाले भन्नुभयो, 'यहाँ त सडकको छेउमै परैबाट देखिने ठाउँमा चार्जिङ स्टेसन सञ्चालनमा आएछ, धेरै सजिलो भयो ।' यो स्टेसनको सञ्चालनले इभी साधनको प्रचार र प्रवर्द्धनमा बल पुऱ्याएको झाको ठम्याइ छ । पहाड, मधेसका विभिन्न सडक सञ्जालको मुख्य सङ्गमस्थल रहेको बर्दिबासमा विद्युतीय चार्जिङ स्टेसन सञ्चालनमा आएपछि इभी सवारीसाधनको प्रयोग र यिनको प्रवर्द्धनमा बल पुगेको यस्ता साधनका धनी र चालकको भनाइ छ । बर्दिबास-३ गौरीडाँडास्थित यो चार्जिङ्ग स्टेसन अत्याधुनिक प्रविधि जडित र एकपटकमा छ वटा सवारीसाधनको चार्ज गर्न मिल्ने भएको हुँदा साधनवालाले लामो समय पर्खन पर्ने अवस्था नरहेको इभी सवारी चालक बताउँछन्। अहिले परीक्षणका क्रममा रहेको यो स्टेसनमा दैनिक १५/१६ सय्याका सवारीसाधनले चार्ज गर्दै आएका स्टेसन प्राविधिक सागरमान ताम्राकार बताउनुहुन्छ। 'यो स्टेसनमा 'जिविटी' र 'सिसिएस' प्रणालीका अत्याधुनिक मेसिन जडित छन्, 'जिविटी'बाट ठूला र 'सिसिएस'बाट साना सवारी साधन चार्ज गरिन्छन्', स्टेसनको सेवाबारे स्पष्ट पार्दै ताम्राकार भन्नुहुन्छ, 'दुवै प्रणालीतर्फ एकपटकमा तीन/तीन सवारीसाधन चार्ज हुन सक्छन् ।' इलाका प्रहरी कार्यालय बर्दिवासले उपलब्ध गराएको जग्गामा स्टेसन निर्माण भई सञ्चालनमा आएको हो । प्रहरी कार्यालय परिसरमै हुँदा स्टेसन सुरक्षा पनि सहज भएको छ। प्रसिद्ध चिनियाँ कम्पनी 'वाङ् वान डिजिटल इनर्जी कम्पनी' ले निर्माण गरेको चार्जिङ स्टेसन अब चाँडै नेपाल विद्युत् प्राधिकरणलाई हस्तान्तरण गर्ने तयारी रहेको निर्माण कम्पनीको नेपालस्थित प्रतिनिधि दिगो कार्यक्रमका शिव अधिकारी बताउनुहुन्छ । 'हामीले नेपाल विद्युत् प्राधिकरण र वाङ् वान डिजिटल इनर्जी कम्पनीबीच भएको सम्झौताअनुरुप स्टेसन निर्माण गरेका हौं, यो अहिले परीक्षण सञ्चालनका क्रममै छ', अधिकारी भन्नुहुन्छ, 'अब केही हप्ताभित्रै प्राधिकरणलाई हस्तान्तरण गर्दैछौं ।' अहिले परीक्षण अवधिमा समय तालिकाका आधारमा चार्ज शुल्क निर्धारित छ । साँझ ५ बजेदेखि राति ११ बजेसम्म प्रतियुनिट १० रुपैयाँ ४४ पैसा, राति ११ बजेदेखि बिहान ५ बजेसम्म छ रुपैयाँ ६० पैसा र यसबाहेका अन्य समयमा प्रतियुनिट आठ रुपैयाँ २८ पैसा शुल्क लिने गरिएको स्टेसन प्राविधिक ताम्राकार बताउनुहुन्छ। प्राधिकरण र चिनियाँ कम्पनीबीच मुलुकभरिका ५१ ठाउँमा चार्जिङ स्टेसन निर्माण गर्ने सम्झौता भएअनुरुप बर्दिबासमा यो स्टेसन निर्माण भएर अहिले परीक्षण सञ्चालनमा आएको हो । योसहित जम्मा ३० स्टेसन निर्माण सम्पन्न भइसकेका, १२ वटा कार्यसम्पन्नको अन्तिम चरणमा रहेका र नौ ठाउँको जग्गा प्राप्तिमा विलम्ब हुँदा काम सम्पन्न हुन अलि पछि परेको वाङ् वान डिजिटल इनर्जी कम्पनीका नेपालस्थित प्रतिनिधि अधिकारीको भनाइ छ । पछिल्लो समय इभी सवारी साधनको 'क्रेज' बढ्दै गएकाबेला मधेस प्रदेशको मध्य भागमा पर्ने बर्दिबासमा चार्जिङ स्टेसन सञ्चालनमा आउनुले यस्ता साधनको प्रवर्द्धनमा सहयोग पुगेको सवारी व्यवसायीको भनाइ छ । सरकारले इभी सवारीसाधनको खरिदमा सुलभ ऋण प्रवाह गरे अब चर्को मूल्यको इन्धन (पेट्रोलियम पदार्थ) माथिको निर्भरता घट्दै गएर आम सवारी व्यवसायी र साधन धनीले यस्तो साधन किन्ने सोँच बन्दै गएको बताएका छन् ।



पर्साबाट १८ लाख नेपाली रुपैयाँसहित दुई युवक पक्राउ



टक नेपाल, वीरगन्ज ।


सशस्त्र प्रहरीले हेल्मेटभित्र लुकाई छिपाई ल्याउँदै गरेको १८ लाख नेपाली रुपैयाँ र २ हजार भारतीय रुपैयाँसहित दुईजनालाई नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरीले पर्सा जिल्लाको बीरगंज महानगरपालिका १६ स्थित बीरगंज रक्सौल सडकखण्डबाट भारत घर बताउने २६ वर्षिय राकेश कुमार र २७ वर्षिय प्रसंजित कुमार लाई नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण पर्साबाट सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलिया कमाण्डको खटेको टोलीले भातरीय नम्बर प्लेटको दुई वटा मोटरसाईकलमा नेपालतर्फ आउँदै गरेका राकेश कुमारको हेल्मेटभित्र ९ लाख र प्रसंजित कुमारको हेल्मेटभित्र ९ लाख नेपाली रुपैयाँ तथा प्रतिबन्धित ५ सय दरको ४ थान भारतीय रुपैयाँ समेत फेला परेका थियो ।

फेला पारिएको नेपाली रुपैयाँको श्रोत खुलाउन नसकेपछि उनीहरुलाई नियन्त्रणमा लिईएको हो । पक्राउ परेका दुवै जनालाई रुपैयाँ तथा मोटरसाईकलसहित आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यायल पर्सामा बुझाईएको छ ।

कपडासहित दुई ट्रक प्रहरी नियन्त्रणमा

टक नेपाल, वीरगन्ज ।

वीरगन्जबाट प्रहरीले फेरि तस्करीको सामान रहेको आशंकामा दुईवटा कन्टेनर सहितको ट्रक नियन्त्रणमा लिएको छ । प्रहरी चौकी सिर्सियबाट खटिएको प्रहरी टोलीले वीरगन्ज महानगर पालिका-२५ ड्राइपोर्ट चोकबाट ना६ ख ४००६ र ना६ ख ४६०८ नम्बरको मालवाहक ट्रक नियन्त्रणमा लिएको हो। वीरगन्जबाट काठमाडौं जाँदै गरेका ती दुवै ट्रकमा रहेका कन्टेनरमा सिलबन्दी नरहेको भेटिएपछि प्रहरीले नियन्त्रणमा लिएको हो। ती दुवै कन्टेनरबाट ३६ लाख ८८ हजार ९१ रुपैयाँ मूल्य बाराबरको कपडा बरामद गरिएको वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षक डिल्लीराज सापकोटाले जानकारी दिए। सिलबन्दी नभएको शंकास्पद अवस्थामा भेटिएका कपडा सहितको ट्रक आवश्यक अनुसन्धान तथा कारबाहीका लागि बिहीबार राजश्व अनुसन्धान कार्यलाय पथलैया बारामा बुझाइएको जानकारी उनले दिए।



विद्यालयमा आइन्दा लापरवाही भए स्पोट कारवाही हुन्छः मेयर साह



टक नेपाल, जनकपुरधाम ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले विद्यालय लापरवाही र अनियमितता भए ठाउँको ठाउँ कारवाही हुने बताएका छन् । मेयर साहले बिहीवार उपमहानगर पालिकाका स्वास्थ्य संस्था र विद्यालयमा अनुगमन निरीक्षण गर्दै समुदायिक विद्यालयको अवस्थामा सुधार नल्याइए कारवाहीको चेतावनी दिएका हुन् ।

नगर प्रमुख साहले उपमहानगर पालिकाको वडा नं. १८ स्थित शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र , स्वास्थ्य चौकी र शंकर आधारभुत विद्यालय महुवाको छड्के अनुगमन गरेका छन् । अनुगमनको क्रममा कतिपय स्वास्थयकर्मी र शिक्षकहरु समयमा उपस्थित नहुने गरेको स्थानीयले गुनासो गरेका गरेपछि नगर प्रमुख साहले सबै कर्मचारीलाई सरकारले तोकेको कार्यालय समयमा अनिवार्य उपस्थित रही तोकिएको जिम्मेवारी पूरा गर्न निर्देशन दिएका छन । अबदेखि कुनै किसिमको लापरबाही नगर्न चेतावनी पनि दिएका छन । नगर प्रमुख साहले उत्कृष्ट काम गर्ने कर्मचारी लाई प्रोत्साहन र कामै नगर्ने कर्मचारीलाई नियमानुसार कारबाही समेत गरिने चेतावनी पनि दिएका छन् । अनुगमनमा वडा नं. १८ का अध्यक्ष लक्ष्मेश्वर मंडल , वडा नं. १० का वडाध्यक्ष मिथलेश कर्ण , वडा नं. २२ का अध्यक्ष बिमलेश मिश्र , स्वास्थ्य शाखा प्रमुख विजय साहको उपस्थिति रहेको थियो ।

रवि लामिछानेको पासपोर्टमाथि अनुसन्धान प्रक्रिया सुरू

टक नेपाल, काठमाडौं ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले दोहोरो पासपोर्ट लिएको विषयमा अनुसन्धान प्रक्रिया अघि बढेको छ । जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले आवश्यक कागजात संकलन सुरू गरेको हो। जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका प्रवक्ता अच्युतमणि नेउपानले लामिछानेको पासपोर्टका विषयमा अनुसन्धान अघि बढाइएको बताए । नेउपानेले भने,'जिल्ला प्रशासन कार्यालय, राहदानी विभाग र अध्यागमन विभागलाई रविले लिएको पासपोर्टका विषयमा सोधेका छौं । विस्तृत विवरण मगाएका छौं । ती निकायबाट संकलन गरिएका प्रमाण पुष्टि भएपछि जाहेरी दर्ताका लागि जिल्ला प्रहरी परिसर,काठमाडौंमा पठाउने योजना छ।' युवराज पौडेल 'सफल'ले प्रहरीले लामिछानेको पासपोर्टमा अनुसन्धान अघि नबढाएको भन्दै मंगलबार सरकारी वकिल कार्यालयमा जाहेरी दिएका थिए। आफू अमेरिकी नागरिक छँदा लामिछानेले दोहोरो राहदानी लिएको विषयमा गृह मन्त्रालयमा पनि उजुरी परेको छ । त्यसको टुंगो लागेको छैन। पौडेलले प्रमाणसहित जाहेरी दिँदा पनि प्रहरी परिसर टेकु काठमाडौंले दर्ता गर्न नमानेको निवेदनमा उल्लेख गरेका छन्। सर्वोच्च अदालतले नागरिकता विवादमा दोषी ठहर गरिदिएपछि लामिछानेको उपप्रधान,गृहमन्त्री र सांसद पद गुमेको छ। अदालतकै आदेशमा उनले पुनःनागरिकता प्राप्त गरिसकेका छन्। पुनःनागरिकता पाएपछि उनले गृहमन्त्रालयमा दावी गरेका थिए। तर, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गृह आफूसँगै राख्ने बताएपछि लामिछाने सरकारबाट बाहिरिएका छन्।

आदरणिय पाठकवर्ग तपाईहरु संग भएको लेख, रचना, विचार, सुचना, समाचार आदि छन भने हामिलाई उपलब्ध गराउन जानकारी सहित अनुरोध गर्दछौ ।

टक नेपाल परिवार

ईमेल : talknepalnationaldally@gmail.com

सम्पर्क : ९८४१४२०४४६, ९८०७८२१०१४



बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुससा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव

मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldally@gmail.com